सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १५२ ♦ २०८२ साल माघ २२ विहिवार ♦ 5 Feb 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# बर्दिबासको चौबाटोमा सत्ता राजनीति :

# महोत्तरी-१ : जहाँ दलभन्दा उम्मेदवार भारी पर्छ



मुकेशराज काफ्ले



लक्ष्मी महतो कोइरी



गिरिराजमणि पोखरेल



प्रमोद महतो



योग नारायण महतो

**अजयकुमार साह**

**माघ २१ गते, बर्दिवास**

पूर्वी नेपालको प्रवेशद्वार बर्दिबास अहिले केवल यात्रु र व्यापारको चहलपहलले होइन, राष्ट्रिय राजनीतिका तरङ्गले पनि तातेको छ।

महोत्तरी क्षेत्र नम्बर १ सामाजिक र राजनीतिक दृष्टिले नेपालको अत्यन्तै संवेदनशील तथा प्रतिनिधिमूलक निर्वाचन क्षेत्रका रूपमा चिनिन्छ।मधेसी, दलित, मुस्लिम, थारु, आदिवासी जनजाति र खस आर्य समुदायको मिश्रित बसोबास रहेको यो क्षेत्र विविधताभित्रको एकताको अभ्यासस्थलजस्तै देखिन्छ।

फागुन २१ गते हुने निर्वाचन यहाँका दलहरूका लागि जितहार भन्दा बढी राजनीतिक अस्तित्व, वर्चस्व र भविष्यको दिशा तय गर्ने कसी बनेको छ। यस क्षेत्रको चुनावी विशेषता भनेकै पार्टीको झण्डाभन्दा उम्मेदवारको व्यवहार, पहुँच र विश्वसनीयता निर्णायक हुनु हो।

यही कारण यहाँ पाँच प्रमुख दलका उम्मेदवारबीच तीव्र प्रतिस्पर्धा देखिएको छ। नेपाली कांग्रेसका डा.मुकेशराज काफ्ले, नेकपा (एमाले)का लक्ष्मी महतो कोइरी, नेपाली कम्युनिष्ट पार्टी (तत्कालीन माओवादी केन्द्र) का गिरिराजमणि पोखरेल, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमोद महतो र जनता समाजवादी पार्टी नेपालका योग नारायण महतो फरक पृष्ठभूमि र राजनीतिक शैलीका प्रतिनिधि हुनुहुन्छ।

नेपाली कम्युनिष्ट पार्टी का उम्मेदवार गिरिराजमणि पोखरेल अनुभवी, बौद्धिक र राष्ट्रियस्तरमा चिनिएका नेता मानिनुहुन्छ। विगतमा तीन पटक निर्वाचन जित्नुभएका उहाँ २०७९ मा पराजित हुनुभयो। यसपटक पाँचौं प्रयासमा रहँदा पार्टीभित्रकै असन्तुष्टि, सीमित जनसम्पर्क र निरन्तर सत्तामुखी प्रवृत्तिले उहाँलाई चुनौती थपेको विश्लेषण गरिएको छ।

विकासका ठूला योजना प्रस्तुत गरे पनि कार्यान्वयन कमजोर भएको आरोपले उहाँको राजनीतिक छविमा प्रश्न उठेको देखिन्छ।एमालेका लक्ष्मी महतो कोइरी स्थानीय राजनीतिमा भुइँमान्छेको प्रतिनिधिका रूपमा स्थापित हुनुहुन्छ।

सहज भेटघाट, सरल स्वभाव र स्थानीय मुद्दामा केन्द्रित र ाजनीति उहाँका बलिया पक्ष हुन्। तर, अघिल्लो निर्वाचनमा सहयोग गरेको जसपा यसपटक विपक्षमा उभिँदा उहाँको जित सुनिश्चित छैन।

महतो समुदायको मत विभाजन हुने सम्भावनाले चुनावी समीकरणलाई थप जटिल बनाएको छ।

नेपाली कांग्रेसका डा.मुकेशराज काफ्ले प्राज्ञिक र प्राविधिक पृष्ठभूमिका उम्मेदवार हुनुहुन्छ। संगठनात्मक कमजोरी र मतदातामाझ अपरिचित अनुहार हुनु चुनौती भए पनि विकास, ऊर्जा र व्यवस्थापनको एजेन्डाले नयाँ मतदाता तान्ने प्रयासमा उहाँ देखिनुहुन्छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमोद महतो उम्मेदवारभन्दा बढी 'घण्टी' चिन्हको लोकप्रियतामा निर्भर देखिनुहुन्छ। व्यक्तिगत छवि, व्यवसायिक पृष्ठभूमि र कमजोर संगठनले उहाँको सम्भावनामा प्रश्न उठेको छ।

जनता समाजवादी पार्टीका योग नारायण महतो युवा र शिक्षित उम्मेदवारका रूपमा उभिनुभएको छ।

तर, पार्टीभित्रकै अन्तरघात र स्थानीय तहमा स्पष्ट समर्थन नदेखिनुले उहाँको बाटो सहज छैन।यस क्षेत्रका करिब एक लाख पाँच हजार मतदाता जातीय, सांस्कृतिक र सामाजिक रूपमा विविध छन्।

यही विविधताले यहाँ मौन मत निर्णायक हुने विश्वास गरिएको छ।बर्दिबासका ज्येष्ठ नागरिक टंकहरी अधिकारी भन्नुहुन्छ, "घोषणा धेरै सुन्यौँ, उपलब्धि कम देख्यौँ। अब मतदाताले अनुहार होइन, व्यवहार हेरेर निर्णय गर्छ।"


नागरिक समाजका अगुवाका अनुसार प्राकृतिक स्रोत दोहन, भ्रष्टाचार र बढ्दो अपराध नियन्त्रण मुख्य मुद्दा बनेका छन्। अन्ततः महोत्तरी-१ को यो निर्वाचन पार्टीको शक्ति परीक्षण होइन, पात्रको विश्वसनीयताको परीक्षा भएको मतदाताहरु बताउनुहुन्छ।बर्दिबासको चौबाटोबाट उठ्ने जनमत जसतर्फ मोडिन्छ, सिंहदरबारको राजनीतिक बाटो पनि उतैतर्फ खुल्ने निश्चित छ।

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि यहाँ ५६ हजार २२२ पुरुष, ४९ हजार ४२२ महिला र अन्य दुई जना गरी कुल एक लाख पाँच हजार ६४६ मतदाता कायम हुनु यस क्षेत्रको जनमतको तौल कति महत्वपूर्ण छ भन्ने स्पष्ट संकेत गर्दैछ।

विगतका निर्वाचन परिणामले देखाएअनुसार महोत्तरी-१ मा राजनीतिक विचारधारा, दलगत प्रतिबद्धता वा केन्द्रीय नेतृत्वको प्रभावभन्दा पनि स्थानीय पकड, व्यक्तिगत छवि र समुदायसँगको सम्बन्ध निर्णायक बन्दै आएको छ।

यही कारण बलिया ठानिएका ठूला दलसमेत स्थानीय आधार कमजोर हुँदा यहाँ पराजित हुनुपरेको देखिएको छ।२०७९ सालको प्रतिनिधिसभा निर्वाचनलाई केलाउँदा प्रत्यक्षतर्फ नेकपा (एमाले) का उम्मेदवार लक्ष्मी महतो कोइरीले २३ हजार ४०२ मत ल्याएर विजयी हुँदा उहाँको

*बाँकी पृष्ठ २ मा*



# मधेश प्रदेश सभाको आठौँ वार्षिकोत्सव :

## हरेक भेषभूषा, भाषा र संस्कृतिको सम्मान नै संघीयता र लोकतन्त्रको असल पहिचान : प्रदेश प्रमुख डा.लाभ





**खबर दर्पण समाचारदाता**

**माघ २१ गते, जनकपुरधाम**

मधेश प्रदेश सभाको आठौँ वार्षिकोत्सव एक समारोहबीच भव्य रूपमा सम्पन्न भएको छ । प्रदेश सभामा आयोजित उक्त कार्यक्रममा बोल्दै प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले हरेक भेषभूषा, भाषा र संस्कृतिको सम्मान नै संघीयता र लोकतन्त्रको असल पहिचान रहेको बताए ।

प्रदेश प्रमुख डा. कर्णले मधेश प्रदेशमा ढाका टोपीदेखि मिथिलाको पहिचान पाग र पगडी, भाषातर्फ बज्जिकादेखि मैथिली, भोजपुरी र नेपाली, पहिरनमा धोती कुर्था तथा दाउरा सुरवालसहित कोट-पैन्टसम्मको सम्मान दिनु नै असल लोकतन्त्र र संघीयता रहेको बताए। उनले भने, 'कुनै समयमा एउटै भाषा र एउटै भेषभूसा लादिएको थियो । तर नेपाली जनताले त्यसलाई फालिसकेको छ ।

आज मधेश प्रदेश सभामा सबै भाषा र भेषभूसालाई सम्मान सहित मिथिला संस्कृति गरिएको स्वागत नै सही लोकतन्त्र र संघीयता रहेको छ ।' उक्त कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले रास्वपाको कडा आलोचना गरेका छन् । रास्वपा एजेण्डाविहीन पार्टी भएको बताउँदै मुख्यमन्त्री यादवले कार्यकारी प्रमुखको उम्मेदवार लाई भावी प्रधानमन्त्रीको नाममा अल्लारे तालले हावादारी गफ दिएर जनतालाई झुक्याउनु बाहेक केही नभएको प्रस्ट्याए ।

रास्वपाप्रति इंगित गर्दै मुख्यमन्त्री यादवलेभने, 'भोट किन दिने, त्यसको एजेण्डा के हो भन्ने बारे केही अतोपतो छैन, परिवर्तनको नाममा मतदाताको आँखामा धुलो छर्किने काम गरिरहेको छन् । त्यसबाट बच्न जरुरी छ ।' मुख्यमन्त्री यादवले भदौ २३ गते भएको जेन- जी आन्दोलनलाई हाइज्याक गरी परिवर्तनका नारा दिइरहेको रास्वपामाथि आरोपसमेत लगाए। उनले जसको विधानमै संघीयता भन्ने शब्द नै छैन, अहिले ती संघीयता विरोधि पार्टीले मधेश प्रदेशमा मधेशीको नाम भजाएर जनताको भावनासंग खेल्न प्रयास गरिरहेका बताए ।

त्यस्ता संघीयता विरोधि पार्टीको लहलहैमा नलागी सचेत हुन जरुरी रहेकोमा उनले जोड दिए । त्यस्तै वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीले मन्त्रालय मन्त्री-कर्मचारीमैत्री नहुदाँ विकास निर्माणलगायतका कामहरु अघि बढ्न नसकेको बताए । उनले कर्मचारीहरुले अहिले समन्वय नगरेमा प्रदेशको विकास र जनताको समस्याहरु झनै बल्झिने भएकाले अहिलेदेखि नै विकास निर्माणको कामलाई अघि बढाउन आग्रह गरे ।

सो कार्यक्रममा मिथिला कला, परम्परागत रंग-रोगन, लोक-संस्कृतिको झल्को दिने सजावट तथा स्थानीय पहिरनमा सहभागीहरूको उपस्थितिले कार्यक्रमलाई अझ आकर्षक बनाएको थियो । मञ्च निर्माणदेखि सम्पूर्ण व्यवस्थापनसम्म मिथिला-मधेशको ऐतिहासिक, सांस्कृतिक र सामाजिक पहिचानलाई प्राथमिकतामा राखिएको देखिएको थियो ।

यस कार्यक्रममा प्रदेश सांसद रामसरोज यादवलाई उत्कृष्ट सांसदको रुपमा सम्मान गरिएको छ। भने सो अवसरमा विभिन्न विधामा भएको प्रतियोगिताका विजेता कर्मचारीहरुलाई समेत प्रदेश प्रमुख डा. कर्णले सम्मान गरेका थिए। यस वार्षिकोत्सव कार्यक्रममा प्रदेशसभाका सभामुख, उपसभामुख, प्रदेश सरकारका मन्त्रीहरू, प्रदेशसभा सदस्यहरू, पूर्व सांसद, कर्मचारी तथा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो भने प्रदेश सभाको स्थापना पछिका आठ वर्षको उपलब्धि, चुनौती र भावी कार्यदिशाबारे चर्चा गरिएको थियो ।



## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बढ्ढार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केवल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विश्व बैंक सहयोगमा मधेशका किसानमा व्यावसायिक कृषिप्रति उत्साह

नेपालका मुख्य आर्थिक करिडोरलाई लक्षित गर्दै कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालन गरेको आयोजना मधेश प्रदेशका किसानहरूका लागि व्यावसायिक कृषितर्फ उन्मुख गराउने प्रभावकारी माध्यम बनेको छ। मधेशका आठवटै जिल्लाका ८४ वटा पालिकामा बर्दिवासस्थित कार्यालयमार्फत आयोजना सञ्चालन भइरहेको छ।

यसै सन्दर्भमा, मधेशमा प्रदान गरिएको अनुदान कसरी सदुपयोग भइरहेको छ भन्ने विषयमा **विशाल बस्नेत** ले आयोजनाका कार्यालय प्रमुख राजेश साहसँग कुराकानी गरेका छन्।

**पहिला त मधेशमा तपाईंहरू कसरी काम गरिरहनु भएको छ ? यहाँबाट सुरु गरौं।**

मधेश प्रदेशका आठवटै जिल्लाका ८४ वटा पालिकामा बर्दिवास अन्तर्गतको कार्यालयमार्फत आयोजना सञ्चालन भइरहेको छ। हामी नवीनतम प्रविधियुक्त, वृद्धिमुखी तथा बजारको मागअनुसार उत्पादन हुने व्यवसायलाई प्राथमिकता दिँदै आएका छौं। उत्पादनमूलक साझेदारीको अवधारणाअनुसार सञ्चालन हुन सक्ने व्यवसाय पहिचान गरी तिनलाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रदान गरिने सहजीकरणलाई हामीले स्टार्ट-अप अनुदान का रूपमा परिभाषित गरेका छौं।

**सरकारी अनुदान दुरुपयोग भयो भन्ने गुनासो पनि धेरै सुनिन्छ। तपाईंहरूको हकमा दुरुपयोग हुँदैन भन्ने आधार के हो ?**

यो प्रश्न उठ्नु स्वाभाविक हो। तर यस विषयमा हामी अत्यन्तै संवेदनशील छौं। ५० प्रतिशत अनुदानको पूर्ण सदुपयोग सुनिश्चित गर्न हामी निरन्तर किसानको खेतबारी र व्यवसाय स्थलमा पुग्ने गर्छौं। अनुदान प्राप्त किसानहरूले स्वीकृत योजना र तोकिएको सीमाभित्र बसेर काम गरेका छन् कि छैनन् भन्ने विषयमा हाम्रा कर्मचारीहरूले नियमित र बाक्लो अनुगमन गर्ने गरेका छन्।

**तपाईंहरूले विभिन्न क्षेत्रमा अनुदान दिइरहनु भएको छ। साँच्चिकै सक्कली किसानहरूले अनुदान पाइरहेका छन् भन्ने कुरा कसरी पुष्टि गर्नुहुन्छ ?**

अनुदान छनोट प्रक्रियामै हामी फिल्ड भिजिट अनिवार्य गरेका छौं। किसान सक्कली हुन् कि नक्कली भन्ने विषयमा प्रारम्भिक चरणमै यथेष्ट परीक्षण र पुष्टि गरिन्छ। त्यसैले यस आयोजनाका मुख्य लाभग्राही सक्कली किसानहरू नै हुन् भन्नेमा कुनै शंका छैन।

अनुदान कार्यक्रम प्रभावकारी छैन भन्ने आरोप पनि लाग्ने गर्छ। तपाईंहरूले दिएको अनुदान फलदायी हुन्छ भन्ने ग्यारेन्टी के छ ?



यसमा हामी शतप्रतिशत विश्वस्त छौ । अनुदानमा छनोट भएका किसानको व्यावसायिक योजना निर्माणदेखि उत्पादनको बजारीकरणसम्म कार्यालय स्वयं संलग्न हुन्छ। बजारीकरण सुनिश्चित भएकै कारण किसानहरु थप उत्साहित भएका छन्। हाम्रो योजनाले मधेशमा नयाँ ऊर्जा र व्यावसायिक कृषिप्रतिको भरोसा बढाएको छ।

यसमा हामी शतप्रतिशत विश्वस्त छौं। अनुदानमा छनोट भएका किसानको व्यावसायिक योजना निर्माणदेखि उत्पादनको बजारीकरणसम्म कार्यालय स्वयं संलग्न हुन्छ। बजारीकरण सुनिश्चित भएकै कारण किसानहरू थप उत्साहित भएका छन्। हाम्रो योजनाले मधेशमा नयाँ ऊर्जा र व्यावसायिक कृषिप्रतिको भरोसा बढाएको छ।

**किसानले व्यक्तिगत रूपमा ठूलो लगानी गर्छन्, तर तपाईंहरू सामूहिकतामा जोड दिँदै आउनु भएको छ। यसले किसानलाई कसरी प्रोत्साहन गर्छ ?**

तपाईंले निकै महत्वपूर्ण विषय उठाउनु भयो। कार्यालयको मूल लक्ष्य नै सामूहिक प्रयासमार्फत किसानको जीवनस्तर उकास्नु हो। समूह निर्माण गर्दा गरिब तथा विपन्न समुदायलाई अनिवार्य प्राथमिकता दिइन्छ। हाल प्रदेशभर पाँच हजारभन्दा बढी किसान विभिन्न माध्यमबाट समूहमा आबद्ध भएका छन्, जसबाट उनीहरूले मासिक १० देखि १५ हजार रुपैयाँसम्म आम्दानी गर्न थालेका छन्। साना उत्पादक र कृषि मूल्य शृंखलामा आबद्ध सरोकारवालाबीच बजार सम्बन्ध प्रवर्द्धन गर्दै उद्यमशीलता विकासका लागि सहयोगी वातावरण निर्माण गर्नु नै आयोजनाको मुख्य उद्देश्य हो, जसअनुसार अपेक्षित नतिजा देखिन थालेकोमा हामी उत्साहित छौं।

**निर्माणाधीन भवनहरूको उद्देश्य के हो ?**


आर्थिक करिडोर कार्यालय मातहतका पालिकामध्ये ३५ वटा पालिकामा भव्य पशु स्वास्थ्य तथा कृषि सेवा केन्द्र भवनहरू लगभग हस्तान्तरणको चरणमा छन्, कतिपय स्थानमा हस्तान्तरण भइसकेको छ। यी भवनहरूले माटो परीक्षणदेखि पशुपालनसम्म किसानलाई अत्यन्तै महत्वपूर्ण सेवा प्रदान गर्ने विश्वास लिएका छौं।

एक पूर्ण पशु स्वास्थ्य भवनमा माटो परीक्षण केन्द्र, कृषि एम्बुलेन्स सेवा, प्रयोगशाला लगायत सम्पूर्ण सुविधा समेटिएको तीनतले पक्की भवन निर्माण गरी हस्तान्तरण गरिँदैछ, जसले दीर्घकालीन रूपमा किसानलाई ठूलो राहत र अवसर दिनेछ।

## बर्दिबासको चौबाटोमा सत्ता........

पार्टीले समानुपातिकतर्फ भने सूर्य चिन्हमा जम्मा १२ हजार १६७ मत मात्र प्राप्त गरेको थियो। यसले मतदाताले पार्टीभन्दा उम्मेदवारलाई प्राथमिकता दिएको देखाउँछ। उता नेकपा (माओवादी केन्द्र) का उम्मेदवार गिरिराजमणि पोखरेल प्रत्यक्षमा पराजित भए पनि उहाँको पार्टीले समानुपातिकतर्फ १५ हजार ३९४ मत ल्याएर सबै दलमध्ये अग्रस्थान हासिल गरेको थियो। यो तथ्यले माओवादीप्रति दलगत समर्थन बलियो भए पनि उम्मेदवारप्रतिको असन्तोषले नतिजा उल्टिएको विश्लेषण गर्न सकिन्छ।त्यसैगरी नेपाली कांग्रेसका बागी उम्मेदवार पोषण थापाले प्रत्यक्षतर्फ सात हजार ८१२ मत ल्याउँदा कांग्रेसले समानुपातिकतर्फ मात्र चार हजार ७४८ मत पाएको थियो। यसले कांग्रेसको संगठनात्मक कमजोरी र आन्तरिक विभाजनले मत विभाजन गराएको देखिन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीको हकमा पनि यस्तै प्रवृत्ति देखिन्छ। प्रत्यक्षतर्फ उम्मेदवारले केवल दुई हजार ६४ मत ल्याए पनि घण्टी चिन्हले समानुपातिकतर्फ ६ हजार १२६ मत पाएको थियो। यसले उम्मेदवारभन्दा पार्टीको 'ब्रान्ड' प्रतिको आकर्षण बढी रहेको संकेत गर्छ।यस क्षेत्रको अर्को महत्वपूर्ण पक्ष भनेको जातीय तथा सामुदायिक मत बैंक हो।एमालेका लक्ष्मी महतो कोइरीलाई प्रत्यक्षतर्फ जित दिलाउन सहयोग गरेको जसपा नेपालले समानुपातिकतर्फ भने तीन हजार ९७८ मत मात्र पाउनु पनि मतदाताले रणनीतिक रूपमा भोट प्रयोग गरेको उदाहरण मानिन्छ। अर्थात्, मतदाताले प्रत्यक्ष र समानुपातिकमा फरक-फरक सन्देश दिएका छन्।यी सबै तथ्यांकले महोत्तरी-१ मा चुनाव पार्टीको शक्ति प्रदर्शन होइन, उम्मेदवारको सामाजिक स्वीकार्यता, पहुँच र विश्वसनीयताको परीक्षा भएको पुष्टि गर्छ।

यहाँ मतदाता अन्तिम क्षणसम्म मौन रहन्छन् र निर्णायक मत 'साइलेन्ट भोट'का रूपमा खस्छ। त्यसैले यस क्षेत्रको निर्वाचन परिणाम पूर्वानुमान गर्न सधैं कठिन रहँदै आएको छ, र यही अनिश्चितताले महोत्तरी-१ लाई देशकै चासोको निर्वाचन क्षेत्र बनाएको छ।







# महोत्तरीमा निर्वाचन लक्षित सुरक्षाका लागि सेना परिचालन

खबर दर्पण समाचारदाता

**माघ २१ गते, बर्दिवास**

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सुरक्षालाई लक्षित गरी बुधबार देखि महोत्तरीमा सेना परिचालन गरिएको छ।

नेपाली सेनाको गोरखनाथ गण परिकौलिबाट महोत्तरीको चार वटै निर्वाचन क्षेत्रका लागि छुट्टाछुट्टै वेश स्थापना गरी बुधबारदेखि निर्वाचन लक्षित सुरक्षाका लागि सेना परिचालन गरिएको हो।

महोत्तरीको निर्वाचन क्षेत्र नं १ को बर्दिवास, क्षेत्र नं. २ को बलबा, क्षेत्र ३ को जलेश्वर र क्षेत्र नं. ४ को रामगोपालपुर मा बेस स्थापना गरी सेना परिचालन गरिएको गोरखनाथ गण परिकौलिका गणपति रामप्रसाद लामिछानेले बताउनुभएको छ।

"नेपाल प्रहरी र सशस्त्र प्रहरीसगको समन्वयमा बुधबार बिहानैदेखि निर्वाचन लक्षित सुरक्षाका लागि सेना सहितको संयुक्त गस्ती सुरु गरिएको हो।" गणपत्रि लामिछानेले भन्नुभयो, "अहिले सेनाका



जवानले महोत्तरीको सुरक्षा समितिले तोकेको संवेदनशील मतदान स्थलहरूको निरीक्षण अनुगमन सुरु गरेको हो।"

निरीक्षण अनगुमनको क्रममा मतदान स्थलहरूमा हुने सुरक्षाको थ्रेटको वास्तिविक अवस्था र सुरक्षाको मजबुत प्रबन्ध मिलाएर शान्तिपूर्ण र भयरहित वातवरणमा चुनाव सम्पन्न गराउने योजना सहित खटिएको उहाँले बताउनुभयो।

अहिले चार वटा निर्वाचन क्षेत्रको चार वटा स्थानमा बेस स्थापना गरी सेना परिचालन गरिएको छ र यसलाई विस्तारै जिल्लाका सबै मतदान स्थलसम्म नै पुऱ्याइने छ।

जिल्ला निर्वाचन कार्यालय महोत्तरीले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दुई लाख ३५ हजार १८३ पुरुष, एक लाख ९२ हजार ९७ महिला र अन्य २ गरी कुल चार लाख ३१ हजार २८२ मतदाता रहेको जनाइएको छ। चार निर्वाचन क्षेत्रमा २५८ मतदान स्थल र ५३६ मतदान केन्द्र निर्धारण गरिएको छ। महोत्तरीको १६३ मतदान स्थललाई अति संवेदनशील, ८९ लाई संवेदनशील र ६ लाई सामान्य सुरक्षा अवस्थाको सूचीमा राखिएको छ।

महोत्तरीको क्षेत्र नम्बर १ मा ५६ हजार २२२ पुरुष, ४९ हजार ७२२ महिला र अन्य दुई गरी कुल एक लाख पाँच हजार ६४६ मतदाता रहेको र सोका लागि ५९ मतदान स्थल र १२० मतदान केन्द्र व्यवस्था गरिएको छ। क्षेत्र नम्बर २ मा ५८ हजार ८६१ पुरुष र ४८ हजार ७३३ महिला गरी कुल एक लाख सात हजार ५९४ मतदाता रहेको र सोका लागि ६२ मतदान स्थल तथा १३३ मतदान केन्द्र निर्धारण गरिएको छ।

यस्तै, क्षेत्र नम्बर ३ मा ५९ हजार ९५० पुरुष तथा ५० हजार ८८६ महिला गरी कुल एक लाख १० जार ४३६ मतदाता रहेको र सोका लागि ७७ मतदान स्थल र १४२ मतदान केन्द्र राखिएको छ। क्षेत्र नम्बर ४ मा ६० हजार १५० पुरुष र ४७ हजार ७५६ महिला गरी कुल एक लाख ७ हजार ६०६ मतदाता रहेकोमा ६० मतदान स्थल १३१ मतदान केन्द्र निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालय प्रमुख रंजिता झाले बताउनुभयो।

# मतदाता परिचयपत्र नभए पनि मतदान गर्न पाइने




खबर दर्पण समाचारदाता

**माघ २१ गते, बर्दिवास**

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ का लागि मतदाता परिचयपत्र नभए पनि मतदाता नामावलीमा दर्ता भएको खण्डमा अन्य सरकारी कागजात लिएर मतदान गर्न सकिने व्यवस्था निर्वाचन आयोगले स्पष्ट पारेको छ।

निर्वाचन आयोगले स्थापना गरेको कल सेन्टरमार्फत प्राप्त प्रश्नको जवाफ दिँदै मतदाता परिचयपत्र हराएको वा नष्ट भएको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र वा जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा) मध्ये कुनै एक कागजात लिएर मतदान गर्न सकिने जानकारी दिएको हो।

आयोगका अनुसार मतदान गर्नका लागि सर्वप्रथम मतदाता नामावलीमा नाम दर्ता हुनु अनिवार्य छ। नाम दर्ता भएका मतदाताले सामान्यतया मतदान केन्द्रमा जाँदा मतदाता परिचयपत्र लिएर जानुपर्ने व्यवस्था छ।

तर, परिचयपत्र नभएको अवस्थामा माथि उल्लेखित वैध सरकारी कागजात लिएर गएमा मतदाता आफ्नो मतदान अधिकार प्रयोग गर्न सक्नेछन्।

निर्वाचन आयोगले आगामी फागुन २१ गते देशभर सञ्चालन हुने निर्वाचनमा मतदातालाई मतदानका लागि आवश्यक कागजात साथमा लैजान आग्रह समेत गरेको छ।

कोरियन ब्युटी प्रोड्क्ट्स प्रयोग गरौं सधै जवान देखियौं।

बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५

साथै होम डेलिभरीको सुविधा छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,